**मुक्तिनाथ दर्शन सेवा**

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

**पोखरा साइडसिन सेवा**

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क २४६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ असोज ४ गते आइतबार ❑ 20 Sept. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## संविधान नेपाली जनताको दशकौँ लामो बलिदान, त्याग र संघर्षको परिणाम : प्रदेश प्रमुख

**पोखरापत्र संवाददाता**
पोखरा, ३ असोज




गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले संविधान कानुनी दस्तावेजमात्र नभई नेपाली जनताको दशकौं लामो बलिदान, त्याग र संघर्षको परिणाम भएको बताउनुभएको छ।

शनिबार असोज ३, १२ औं संविधान दिवस तथा राष्ट्रिय दिवसको अवसरमा गण्डकी प्रदेश सरकारले आयोजना गरेको संविधान दिवस मूल समारोहमा प्रमुख अतिथि भट्टले संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनार्थ भएका विभिन्न जनआन्दोलन, सशस्त्र संघर्ष, मधेस आन्दोलन लगायतका विभिन्न आन्दोलनका क्रममा जीवन उत्सर्ग गर्ने सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पणसमेत गर्नुभयो। 'जनताका प्रतिनिधिद्वारा गठित संविधानसभाबाट जारी भएको नेपालको संविधान कानुनी दस्तावेज मात्र होइन, नेपाली जनताको दशकौँ लामो बलिदान, त्याग र सङ्घर्षको परिणाम हो ।' उहाँले भन्नुभयो - 'संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी भएको यही ऐतिहासिक उपलब्धिको सम्झना र सम्मानमा आज हामी संविधान दिवस तथा राष्ट्रिय दिवस मनाइरहेका छौँ ।'

संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था, बहुदलीय लोकतान्त्रिक प्रणाली, विधिको शासन, समानुपातिक समावेशिता, सामाजिक न्याय तथा धर्मनिरपेक्षता, स्वतन्त्र न्यायपालिका, मौलिक हक, मानव अधिकार राज्यको निर्देशक सिद्धान्त एवम् नीतिहरुको प्रभावकारी कार्यान्वयन लगायतका महत्वपूर्ण मूल्य र मान्यतालाई संस्थागत गरेको उहाँले उल्लेख गर्नुभयो।

नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको सरकारको व्यवस्था गर्दै राज्यशक्तिको विकेन्द्रीकरण र जनताको घरदैलोसम्म शासन तथा सेवा प्रवाह पुऱ्याउने उद्देश्य लिएको बताउँदै प्रदेश प्रमुख भट्टले संघीयताको प्रभावकारी कार्यान्वयनमार्फत् नागरिकलाई सहज, सरल, पारदर्शी र गुणस्तरीय सार्वजनिक सेवा उपलब्ध गराउनुपर्ने उल्लेख गर्नुभयो। उहाँले विकासका अवसरहरूलाई समान र न्यायोचित रूपमा विस्तार गर्न तीनै तहका सरकारबीच सहकार्य, समन्वय र सहअस्तित्वको भावना अझ मजबुत बनाउन जरुरी रहेको पनि बताउनुभयो । 'संघीयताको व्यावहारिक कार्यान्वयनमा प्रदेश सरकार र प्रदेशसभाले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन् । संविधानले सुनिश्चित गरेका मौलिक हकहरूको प्रभावकारी कार्यान्वयन गर्दै सुशासन, सामाजिक न्याय र आर्थिक समृद्धितर्फ अग्रसर हुनु नै आजको हाम्रो मुख्य दायित्व पनि हो ।' उहाँले थप्नुभयो - 'यस दिनमा जनताको सार्वभौमसत्ता, संविधानको सर्वोच्चता, विधिको शासन र लोकतान्त्रिक मूल्य-मान्यताको संरक्षण गर्दै राष्ट्रको हितलाई सर्वोपरि राखेर काम गर्ने प्रतिबद्धता अझ दृढ बनाउनुपर्दछ।' संविधानको सफल कार्यान्वयनका लागि राज्यका सम्पूर्ण अङ्गहरू, राजनीतिक दलहरू, नागरिक समाज र आम जनताबीच बलियो सहकार्य, एकता र निष्ठा अपरिहार्य रहेको उहाँको भनाइ छ । 'संविधानले प्रदान गरेका अधिकारहरूको प्रयोग गर्दा आफ्ना कर्तव्य र जिम्मेवारीप्रति सजग रहनु हामी सबैको दायित्व पनि हो ।' उहाँले भन्नुभयो - 'संविधान दिवसले राष्ट्रिय समृद्धि हासिल गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रका आधार भूत मान्यता र मूल्य प्रणालीलाई राष्ट्रिय जीवनपद्धति बनाउन र 'समृद्ध नेपाल, सुखी नेपाली' को साझा राष्ट्रिय सङ्कल्प पूरा गर्न थप प्रेरणा र ऊर्जा प्रदान गरोस् भन्ने कामना गर्दछु ।'

मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई थप प्रभावकारी बनाउन संविधानले परिकल्पना गरेको सङ्घ, प्रदेश र स्थानीय तहबीचको समन्वय, सहकार्य र सहअस्तित्वको भावना व्यवहारमा अझ सुदृढ हुन आवश्यक रहेकामा जोड दिनुभयो । उहाँले प्रदेशका संवैधानिकअधिकारकोप्रभावकारी प्रयोग, कानुन कार्यान्वयन तथा वित्तीय सङ्घीयतालाई सबल बनाउन सङ्घ सरकारबाट आवश्यक सहजीकरण र सहयोगको अपेक्षा गर्नुभयो । गण्डकी प्रदेशसभाका सभामुख कृष्णप्रसाद धितालले संविधान संशोधन गर्दा राष्ट्रिय सहमति कायम गर्नुपर्ने धारणा राख्नुभयो।

नेपाली कम्प्युनिष्ट पार्टी (नेकपा) गण्डकी प्रदेशसभा संसदीय दलका नेता हरिबहादुर चुमानले संविधानको अक्षरशः कार्यान्वयन हुनुपर्ने बताउनुभयो । उहाँले जनतालाई थप अधिकार सम्पन्न गराउने गरी संविधान संशोधन गर्नुपर्ने बताउनुभयो । पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले संविधान लामो सङ्घर्षपछि प्राप्त भएकाले यसको रक्षामा सबै पक्ष जिम्मेवार बन्नुपर्ने बताउनुभयो। उक्त अवसरमा विपद् व्यवस्थापनमा खटिएका सुरक्षाकर्मी र कर्मचारीलाई सम्मान गरिएको थियो।

## असहमतिलाई सम्मान गर्न सकिए संविधानका सङ्कल्प पूरा हुन्छन् : राष्ट्रपति

**रासस**
काठमाडौं, ३ असोज



राष्ट्रपति रामचन्द्र पौडेलले असहमतिहरूलाई सम्मानसहित आलोचनाबाट सिक्दै राज्यलाई जनताप्रति सकिए संविधानले स्थापित गर्न चाहेका सङ्कल्पहरू पूरा हुने बताउनुभएको छ।

संविधान दिवस (राष्ट्रिय दिवस) २०८३ का अवसरमा राष्ट्रपति कार्यालयमा शनिबार आयोजित विशेष समारोहलाई सम्बोधन गर्दै राष्ट्रपति पौडेलले अनेकौँ सङ्घर्ष र बलिदानबाट प्राप्त संविधान बमोजिम नेपालीले न्याय, सम्मान र सुरक्षित भविष्यका लागि आफ्नो राज्यसँग याचना गर्नुपर्ने अवस्था आउन नहुनेमा जोड दिनुभयो।

"राजनीतिक परिवर्तनलाई नागरिकको जीवनमा जोड्न हामीलाई व्यवहारमै सुशासन र उत्कृष्ट सेवा प्रवाह आवश्यक छ, जसले नागरिकमा आशा जगाउन सकोस् नागरिकलाई निराशामा राखेर न त कुनै राज्य सफल हुन्छ न त व्यवस्था, किनभने, हामी सबैले बुझ्नुपर्छ शासकीय संरचनामा आउने परिवर्तनहरूले मात्र युगका अपेक्षाहरू पूरा हुँदैनन्", राष्ट्रपति पौडेलले भन्नुभयो, "संविधान कागजमा लेखिएका शब्द वा वाक्य सङ्ग्रहको लिखित दस्तावेज मात्र होइन यो नागरिकका सपना, आशा, अपेक्षा र अधिकारको साझा प्रतिज्ञा पनि हो । यसको महत्त्व त्यतिबेला प्रकट हुन्छ, जब राज्य नागरिकको आर्तनादसँगै उभिन्छ, सरकार नागरिकको सेवक बन्छ, न्याय राज्यको मूल ध्येय बन्छ र कुनै नेपालीले आफ्नै देशमा आफूलाई एक्लो र पराया अनुभूत गर्नुपर्दैन संविधान दिवसले सबै राजनीतिक दल, नेतृत्व, सरकार र सम्पूर्ण राज्यसत्तालाई अझ लोकतान्त्रिक, न्यायपूर्ण र परिणाममुखी बनाउने दायित्वबोध गराउनेछ भन्ने मैले विश्वास लिएको।"

उहाँले देशको मूल कानुन संविधानप्रति उच्च आदरका साथ त्यसले लिपिबद्ध गरेका वाचा र कबुललाई आमजनताको जीवनमा स्थापित सक्नुपर्नेमा जोड दिँदै प्राकृतिक विपत्तिले विकास केवल सडक, पुल र भवन होइन मानिसको जीवन, जीविका र भविष्यको सुरक्षा पनि हो भन्ने सोच्नुपर्ने बताउनुभयो।

राष्ट्रपति पौडेलले संविधानमा अन्तर्निहित लोकतान्त्रिक राज्यप्रणाली जनताको सर्वोपरि हितमा जोडिएकाले अब जलवायु परिवर्तनका चुनौतीबीच हाम्रा विकासका ढाँचाहरू अझ मानवीय, न्यायपूर्ण र प्रकृतिमैत्री बन्नुपर्छ भन्ने धारणा व्यक्त गर्नुभयो। "मुलुकको संवैधानिक विकासक्रममा यस जननिर्मित संविधानले हामीलाई लोकतन्त्र दिएको छ, हामीले इतिहासमै सबैभन्दा धेरै स्वतन्त्रता र सम्मान प्राप्त गरेका छौँ, यो संविधानले हामीलाई प्रदेशहरू दिएको छ, हामीले आफ्नो प्रदेशलाई शान्त, भव्य र व्यवस्थित बनाउने अवसर प्राप्त गरेका छौँ, एकात्मक र केन्द्रीकृत शासनप्रणालीको बदलामा प्राप्त सङ्घीयता हाम्रा लागि संविधानले दिएको महत्वपूर्ण उपहार हो", राष्ट्रपति पौडेलले भन्नुभयो।

राष्ट्रपति पौडेलले यो संविधानले बहुलवादमा आधारित समावेशी नेपाल बनाउने अवसर दिएको छ, हामीले यो संविधानमार्फत राज्यको शासकीय संरचनालाई नयाँ ढङ्गले स्थापित गरिएकाले संविधानले प्रदान गरेका यी महान् उपलब्धिका जगमा नै हाम्रो भविष्यको सुखद यात्रा सुनिश्चित हुन्छ विश्वास व्यक्त गर्नुभयो।

राष्ट्रपति पौडेलले नेपालको संवैधानिक इतिहासमा आफूले निर्वाचित गरेका जनप्रतिनिधिमार्फत आफ्नो संविधान आफैँ लेख्ने नेपाली जनताको सात दशकभन्दा बढी लामो आन्दोलन, त्याग र बलिदानबाट प्राप्त उपलब्धिलाई संस्थागत गर्दै सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी भएको आज ११ वर्ष पूरा भएको अवसरमा आफ्नो जीवन आहुति दिने सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त पनि गर्नुभएको छ।

## अर्थमन्त्री डा वाग्लेद्वारा भारतीय उद्योगी, व्यवसायीलाई नेपालमा लगानी गर्न आह्वान

**रासस**
काठमाडौं, ३ असोज

अर्थमन्त्री डा स्वर्णिम वाग्लेले भारतीय लगानीकर्ता, उद्योगी तथा व्यवसायीलाई नेपालमा लगानी र व्यापारका पर्याप्त अवसर रहेको बताउनुभएको छ। भारत भ्रमणमा रहनुभएका उहाँले नेपालमा रहेको लगानीको अवसरलाई सदुपयोग गर्न त्यहाँका लगानीकर्तालाई आह्वान गर्नुभएको उहाँको सचिवालयले जनाएको छ।

नयाँदिल्लीस्थित इन्डिया ह्याबिट्याट सेन्टरमा कन्फेडेरेसन अफ इन्डियन इन्डस्ट्री (सिआइआइ)द्वारा आज आयोजित व्यापार तथा लगानी अन्तरक्रियामा अर्थमन्त्री डा वाग्लेले उदीयमान लगानीका अवसरमाथि प्रकाश पार्दै आर्थिक रूपान्तरणमा सहभागी हुन आह्वान गर्नुभएको हो । उहाँले नेपालले उच्च वृद्धिको सम्भावना भएका क्षेत्रमा लगानीका लागि ठूलो अवसर प्रदान गर्ने उल्लेख गर्दै पहिले नै नेपालमा सञ्चालित भारतीय कम्पनीलाई आफ्नो लगानी विस्तार गर्न र नयाँ लगानीकर्तालाई नेपाली बजारको खोजी गर्न आग्रह गर्नुभयो।

मन्त्री वाग्लेले नेपाल सरकार सुशासन, आर्थिक समृद्धि, लगानी सहजीकरण र संरचनात्मक आर्थिक रूपान्तरणको एजेन्डामा अघि बढिरहेकामा जोड दिनुभयो। उहाँले नीतिगत सुधारलाई तीव्र बनाउन र अझ बढी अनुमानयोग्य, पारदर्शी तथा लगानीमैत्री व्यावसायिक वातावरण सिर्जना गर्न सरकारले लागिपरेको स्पष्ट पार्नुभयो।

"सूचना प्रविधि, स्वच्छ ऊर्जा, उच्च मूल्यको कृषि, पर्यटन र उत्पादन साझेदारीको अवधारणामा आधारित उत्पादन क्षेत्र नेपालको अर्थतन्त्रका महत्त्वपूर्ण वाहकका रूपमा उदय भइरहेका छन्", मन्त्री वाग्लेले भन्नुभयो, "भारतीय व्यवसायीलाई नेपाललाई बजारका रूपमा मात्र नभई लगानी, उत्पादन, मूल्य अभिवृद्धि र क्षेत्रीय तथा विश्वव्यापी आपूर्ति शृङ्खलामा एकीकरणका लागि रणनीतिक साझेदारका रूपमा हेर्न चाहन्छौँ।"

उहाँले वार्षिक बजेट, कर सुधार र लगानीकर्तामैत्री नीतिगत पहलमार्फत नेपाल सरकारले हालै चालेका कदम व्यावसायिक वातावरण सुधार गर्न, लगानीका बाधाहरू हटाउन र निजी क्षेत्रको नेतृत्वमा आर्थिक वृद्धिलाई सहज बनाउन लक्षित रहेको स्पष्ट पार्नुभयो । उहाँले नेपाल र भारतबीचको दीर्घकालीन आर्थिक सम्बन्धले द्विपक्षीय व्यापार र लगानी विस्तारका लागि बलियो आधार प्रदान गरेको उल्लेख गर्नुभयो।

कार्यक्रममा भारतीय व्यावसायिक नेताहरू र निजी क्षेत्रका प्रतिनिधिहरूको उपस्थिति थियो । यो कार्यक्रम मन्त्री डा वाग्लेको तीनदिने नयाँदिल्लीको औपचारिक भ्रमणको एक महत्त्वपूर्ण भाग थियो।


**शान्तिपूर्ण समाज निर्माण गरौं**


- शान्ति, सहिष्णुता र भाइचाराको भावना विकास गरौं,
- मतभेदलाई संवाद, सहकार्य र समझदारीबाट समाधान गरौं,
- जाति, धर्म, भाषा, संस्कृति तथा विचारका आधारमा हुने विभेद अन्त्य गरौं,
- बालबालिका, महिला तथा कमजोर वर्गको अधिकार र सुरक्षाको सम्मान गरौं,
- हिंसा, द्वन्द्व, घृणा र वैमनस्यको अन्त्यका लागि योगदान दिऔं,
- सामाजिक तथा सांस्कृतिक विविधताको सम्मान गर्दै सद्भाव कायम राखौं,
- परिवार, विद्यालय र समुदायमा शान्ति र अहिंसाको संस्कार विकास गरौं।

विश्व शान्ति र मानवताको संरक्षणमा आफ्नो भूमिका निर्वाह गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# विरेठाँटी-घान्द्रुक सडक करिब एक महिनामै पुनः सञ्चालनमा

**पोखरापत्र संवाददाता**
पोखरा, ३ असोज

कास्कीको अन्नपूर्ण गाउँपालिका स्थित मोदीखोलामा आएको बाढीले क्षतिग्रस्त बनाएर एक महिनादेखि अवरुद्ध नयाँपुल-विरेठाँटी-घान्द्रुक सडकखण्ड पुनर्निर्माणपछि करिब एक महिना पछि पुनः सञ्चालनमा आएको छ।

अन्नपूर्ण गाउँपालिका-८, विरेठाँटीमा सडकको मुख्य संरचना नै बाढीले बगाएपछि अवरुद्ध बनेको सडक स्थानीय तह, प्रदेश सरकार, नेपाली सेना, जलविद्युत् आयोजना, राजनीतिक दल, संघसंस्था तथा स्थानीयवासीको सहकार्यमा तीव्र गतिमा पुनर्निर्माण गरिएको पालिकाले जनाएको छ।

गत साउन २२ गते मोदीखोलामा आएको बाढीले अन्नपूर्ण गाउँपालिका-८ र १० को सीमास्थित स्याउलीबजार आसपास तथा विरेठाँटी क्षेत्रमा सडकमा ठूलो क्षति पुऱ्याएको थियो । बाढीले सडकको जग नै कटान गरेपछि अन्नपूर्ण गाउँपालिका-८, ९, १० र ११ का बासिन्दाको मुख्य राजमार्ग तथा गाउँपालिका केन्द्रसँगको सडक सम्पर्क विच्छेद भएको थियो । सडक अवरुद्ध हुँदा घान्द्रुक तथा अन्नपूर्ण आधार शिविर (एबीसी) जाने पर्यटकसमेत प्रभावित भएका थिए। साउन २८ गते बेलुका दोश्रो चरणको बाढीले सडकको भाग पुर्ण रुपमा बगाएसंगै साउन २९ गतेदेखि सडक पूर्ण रुपमा ठप्प भएसंगै सबैको साथ र सहयोगले गर्दा करिब एक महिनामा क्षतिग्रस्त सडक पुनर्निर्माण गरी संचालनमा आएको अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष विष्णुबहादुर केसीले बताउनु भयो।

पुनर्निर्माणका लागि विभिन्न दाता तथा संघसंस्थाबाट करिब ८० लाख रुपैयाँ आर्थिक सहयोग संकलन भएको छ भने समग्रमा एक करोड रुपैयाँभन्दा बढीको पुनर्निर्माण कार्य सम्पन्न भएको उहाँले जनाउनु भयो। एक क्यापबाट मात्रै २० लाख रुपैयाँभन्दा बढी सहयोग प्राप्त भएको गाउँपालिकाले जनाएको छ।

जलविद्युत् आयोजनाहरूले पुनर्निर्माणका लागि जेसीबी, डोजर तथा अन्य आवश्यक मेसिन उपलब्ध गराएका थिए । मेसिन तथा टिपर सञ्चालनमा लाग्ने डिजेल खर्चलगायत व्यवस्थापनको महत्वपूर्ण जिम्मेवारी गाउँपालिकाले लिएको थियो । पुनर्निर्माणका क्रममा भदौ २ देखि ९ गतेसम्म मोदीखोलाको बहाव डाइभर्सन गरी सडक निर्माणका लागि आधार तयार गरिएको थियो। भदौ १० गतेदेखि ग्याबिन जाली भर्ने, ब्याकफिलिङ गर्ने तथा सडकको संरचना पुनर्निर्माण गर्ने काम अघि बढाइएको थियो। करिब दुई हजार घनमिटर ग्याबिन भर्नुपर्ने अवस्थामा नेपाली सेनासहित विभिन्न पक्षले निरन्तर श्रमदान गर्नु भएको थियो।

नेपाली सेनाका ४५ जनाले भदौ १० गतेदेखि असोज २ गतेसम्म ग्याबिन भर्ने काममा श्रमदान गर्नु भएको थियो । गाउँपालिकाले अर्को क्षेत्रमा निर्माण व्यवसायीमार्फत समेत ग्याबिन भर्ने काम अघि बढाएको थियो। गण्डकी प्रदेश सरकारले ग्याबिन तारजाली उपलब्ध गराएको थियो भने अन्नपूर्ण गाउँपालिका-७ बाट आवश्यक ढुंगा तथा ग्राभेल व्यवस्थापन गरिएको थियो। सडक पुनर्निर्माणमा विभिन्न राजनीतिक दल, आमा समूह, चेलीबेटी समूह, भाइखलक, सामाजिक संस्था तथा देश-विदेशमा रहेका नेपालीले समेत सहयोग गरेका छन् । सडक पुनर्निर्माणको प्राविधिक व्यवस्थापनका लागि इन्जिनियर शैलेन्द्र क्षेत्रीको नेतृत्वमा दीपक लामिछाने, विमल भण्डारी र चक्र धितालसहितको प्राविधिक टोली निरन्तर खटिएको थियो।

सडक सञ्चालनमा आएपछि घान्द्रुक, एबीसी तथा आसपासका पर्यटकीय क्षेत्रमा आवागमन सहज हुने भएको छ । लामो समयदेखि अवरुद्ध सडक पुनः सञ्चालनमा आएपछि स्थानीयवासीसँगै पर्यटन व्यवसायी र पर्यटकले समेत राहत महसुस गरेका छन् । सडक पुनर्निर्माणमा सहयोग गर्ने सम्पूर्ण दाता, सरकारी निकाय, नेपाली सेना, जलविद्युत् आयोजना, राजनीतिक दल, संघसंस्था, स्थानीयवासी तथा देश-विदेशमा रहेका सहयोगदाताप्रति अन्नपूर्ण गाउँपालिकाले धन्यवाद व्यक्त गरेको छ। अन्नपूर्ण गाउँपालिकाले प्रकोप व्यवस्थापन कोषमार्फत आर्थिक स्रोत जुटाउँदै स्थानीय, प्रदेश सरकार, सुरक्षा निकाय, जलविद्युत् आयोजना तथा विभिन्न संघसंस्थासँग समन्वय गरेको थियो।

# बाल दिवसमा पोखरा १९ मा विविध कार्यक्रम सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ३ असोज



६२औँ राष्ट्रिय बाल दिवसको अवसरमा वडा कार्यालय पोखरा १९ ले बिभिन्न कार्यक्रम सम्पन्न गरेको छ।

वडा बाल मञ्चको संयोजनमा वडाभित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरु बिच कविता बाचन,चित्रकला, हिसाब दौडप्रतियोगितालगायतका कार्यक्रम गरिएको वडा सदस्य विकासकुमार आचार्यले जानकारी दिए ।कक्षा ६ देखि ८ सम्मका विद्यार्थी सहभागी कविता बाचनमा विन्ध्येश्वरी माविकी सुनिता विक प्रथम, भारती भवनकी प्रसन्ना आचार्य द्वितीय,महेन्द्र माविकी निमिषा सुनार तृतीय भए । त्यस्तै कक्षा ९ र १० तर्फको प्रतियोगितामा विन्ध्येश्वरीकी स्वस्तिका खड्का प्रथम, भारती भवनकी दिपा जैसी द्वितीय र महेन्द्र माविका सुदीप पौडेल तृतीय भए । हिसाबदौड प्रतियोगितामा भूमेश्वर आधारभूत विद्यालयका आरोन पौडेल प्रथम, अकला आधारभूत विद्यालयका रोशन पुन द्वितीय र आमाको डे केयर मन्टेश्वरीका बिनम अधिकारी तृतीय भएका छन् । चित्रकला तर्फ विन्ध्येश्वरी मावि आयुषा आचार्य प्रथम, भारती भवनकी दृष्टि अधिकारी द्वितीय र धारा आधारभूत विद्यालयकी अनमिका अधिकारी तृतीय भए। उत्कृष्ट विद्यार्थीलाई वडाध्यक्ष पुष्पेन्द्र पाण्डे, वडा सदस्यहरू विकास कुमार आचार्य, दुर्गादेवी बस्नेत, नवराज केसी र कल्पना सुनारले पुरस्कारसहित प्रमाणपत्र वितरण गरे। कार्यक्रममा बोल्दै वडाध्यक्ष पाण्डेले यस्ता कार्यक्रमले विद्यार्थीहरूमा ज्ञान, सिर्जनशीलता, आत्मविश्वास र आफ्नो प्रतिभा प्रस्तुत गर्ने अवसर प्रदान गरेको बताए।

कार्यक्रममा शुक्ला साहित्य प्रतिष्ठानका पुर्व अध्यक्ष इन्दु भट्टराई, वडा सचिव झंकनाथ पौडेल,कवि सिर्जना थापालगायतले बालबालिकालाई पढाईको अलवा सिर्जनात्मक कार्यमा लाग्न सुझाव दिए। वडा बाल मञ्च, पोखरा १९ का अध्यक्ष आयुस नेपालीको अध्यक्षता कार्यक्रम सम्पन्न भएको थियो।

# पुरञ्चौरमा रक्तदान, ४६ युनिट संकलन

**पोखरापत्र संवाददाता**
पोखरा, ३ असोज



पोखराको पुरञ्चौरमा आयोजना भएको खुल्ला रक्तदान कार्यक्रममा ४६ युनिट संकलन भएको छ।

संविधान दिवसको अवसरमा नेपाल रेडक्रस सोसाईटी, पोखरा १९ उपशाखाको आयोजना र प्राकृतिक स्रोत व्यवस्थापन कलेजको समन्वयमा भएको कार्यक्रममा पहिलो पटक रक्तदान गर्नेको अधिक सहभागिता रहेको थियो । कार्यक्रमको नेपाल रेडक्रस सोसाईटी, कास्की शाखाका सभापति उर्मिला खड्काले पहिलो रक्तदाता रविन चौलागाईं लाई ब्लडब्याग हस्तान्तरण गरि उद्धाटन गरिन् । उनले मानव जीवनलाई निरोगी र तन्दुरुस्त बनाउन नियमित रुपमा रक्तदान गर्नु आवश्यक रहेको बताईन्। सभापति खड्काले हालै भोटेकोशीमा आएको विनासकारी बाढीले ठुलो मानवीय क्षति भएको बताउँदै, उद्धार र राहत वितरणमा रेडक्रसले महत्वपुर्ण भुमिका निर्वाह गरेको बताईन्।

उपशाखा सभापति रमेश विश्वकर्माले उपशाखाले गरेका कामहरुको चर्चा गर्दै, जिल्ला समितिसँग समन्वय गर्दै, मानवीय सेवाका कामलाई निरन्तरता दिएको बताए। कार्यक्रममा जिल्ला उपसभापति रमा कोईराला,विपद् व्यवस्थापन संयोजक सविन जिसी, जिल्ला सदस्य नवराज पौडेल,प्राकृतिक स्रोत व्यवस्थापन कलेजका प्रशासकिय अधिकृत दीपेन्द्र पौडेल, पोखरा १९ का वडा सदस्य विकासकुमार आचार्य, कार्यक्रम संयोजक श्यामसुन्दर आचार्यलगायतले रक्तदानका विविध पक्षका बारेमा बोलेका थिए। उपशाखा सभापति विश्वकर्माको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत उपसभापति लक्ष्मी अधिकारी र संचालन सचिव माधव गौतमले गरेका थिए । कार्यक्रममा प्राविधिक सहयोग प्रादेशिक रक्त संचार केन्द्र र एम्बुलेन्स सहयोग नवआदर्श सामुदायिक विकास समाजले गरेका थिए।

# प्रदेशस्तरीय कल्प मिडिया फुटसलको उपाधि एनएफएसजे गण्डकीलाई

**पोखरापत्र संवाददाता**
पोखरा, ३ असोज




कल्प मिडिया एण्ड मल्टिपर्पोज प्रालिअन्तर्गत नयाँलिपि न्यूज डटकमद्वारा आयोजित गण्डकी प्रदेशस्तरीय 'मिडिया कप फुटसल प्रतियोगिता-२०८३' को उपाधि नेपाल खेलकुद पत्रकार मञ्च (एनएफएसजे)ले जितेको छ।

शनिबार पोखरा रंगशालास्थित बहुउद्देश्यीय खेल मैदानमा आयोजित फाइनलमा एनएफएसजेले नेपाल पत्रकार महासंघ बागलुङलाई २ - ० गोलले पराजित गरी उपाधि हात पारेको हो । गण्डकीले नगद ५० हजार रुपैयाँ, शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ।

साथैं, प्रतियोगिताको सर्वोत्कृष्ट प्रशिक्षक गण्डकीकै धनबहादुर गुरुङ (सुमन) घोषित भए । गुरुङलाई नगद ५ हजार रुपैयाँ प्रदान गरिएको छ।

उपविजेता बागलुङले नगद ३० हजार रुपैयाँ, शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ । बागलुङका रोहन जिसी सर्वोत्कृष्ट खेलाडी घोषित भई ५ हजार रुपैयाँ प्राप्त गरे। सर्वोत्कृष्ट प्रशिक्षक र खेलाडीलाई एडभेन्चर पार्टनर गो बन्जीमार्फत फ्लाई कूपनसमेत प्रदान गरिएको छ।

प्रतियोगिताका विजेता टिम र खेलाडीलाई विशेष अतिथि गण्डकी विश्वविद्यालयका उपकूलपति डा. कृष्णराज अधिकारीले पुरस्कार प्रदान गर्दै मिडियाकर्मीले खेलमार्फत स्वास्थ्य र भाइचाराको सन्देश दिन खोजेको भन्दै प्रशंसा गरे।

समापनको अवसरमा बोल्दै डा. अधिकारीले गण्डकी विश्वविद्यालयले पनि खेल व्यवस्थापनको अध्यापन गराइरहेको जनाउँदै आगामी शैक्षिक सत्रदेखि फुटसललाई पन पाठ्यक्रममा समेट्ने योजना रहेको सुनाए । 'पत्रकारहरुको जागरुकता, खेलप्रेमप्रति आभार छु' अधिकारीले भने आगामी दिनमा मिडियासँग सहकार्य गर्दै विश्वविद्यालयले कार्यक्रमका खाका तयार पार्नेछ ।' प्रतियोगितामा नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष माधव बराल, नेपाल पत्रकार महासंघ, बागलुङका अध्यक्ष राम थापालगायतले मन्तव्य राख्दै आयोजकलाई सफलताको शुभकामना व्यक्त गरेका थिए।

आयोजक मिडियाका अध्यक्ष सुरज श्रेष्ठले प्रतियोगितालाई सफल पार्न पत्रकार र पत्रकारआबद्ध संस्थाहरुको सहयोगप्रति धन्यवाद दिँदै आउँदो वर्ष प्रतियोगिताको आयतन झनै फराकिलो बनाउने उल्लेख गरे। 'प्रतियोगिताको उद्देश्य खेल्नुमात्र नभएर संस्थालाई मानवीय सेवामा जोड्नु पनि रहेको छ' अध्यक्ष श्रेष्ठले भने 'यहाँबाट आर्जित मुनाफा भोटेकोशी बाढीबाट प्रभावितको हितमा खर्च गरिनेछ।

श्रेष्ठका अनुसार फुटसलमात्र नभएर कल्पले आगामी दिनमा पत्रकार र व्यावसायिकतालाई सघाउ पुग्ने थप कार्यक्रमको आयोजना गर्नेछ । प्रतियोगिताको मुख्य प्रायोजकमा पोखरा महानगरपालिका वडा नम्बर १२ र कफी डि हिमालयज (सीडीएच) रहेका थिए।

त्यस्तै, सहयोगी संस्थाका रूपमा प्रदेश खेलकुद परिषद् गण्डकी, जिल्ला खेलकुद विकास समिति - कास्की, पोखरा महानगरपालिका खेलकुद विकास समिति र पोखरा महानगरपालिका - वडा नम्बर ३ रहेको अध्यक्ष श्रेष्ठले बताए । श्रेष्ठले दिएको जानकारी अनुसार प्रतियोगिताको प्रवर्द्धकका रूपमा परिचय एडभर्टाइजिङ र लिड्स इभेन्ट्स, एडभेन्चर पार्टनरका रूपमा गो बन्जी र प्रिन्टिंग पार्टनरमा पीएम सोलुसन रहेका थिए । प्रतियोगिताको मेडिकल पार्टनरमा गण्डकी मेडिकल कलेज तथा हस्पिटालिटी पार्टनरका रूपमा चाइनिज गार्डेन रेष्टुरेन्ट एण्ड बार र इन्स्योरेन्स पार्टनरमा सलिको रहेको आयोजकले जनाएको छ।

त्यस्तै, बाराही स्पोर्टस, डीजे साउण्ड सिस्टमका सञ्चालक मनिस भुज, नृत्य संयोजनतर्फ मनिस भुज र होटल पार्टनरमा होटल एडमायर प्रालि र भेन्यू पार्टनरमा सफल ब्यान्केट, अमर सिंह चौरलाई आयोजकले धन्यवाद व्यक्त गरेको छ।

# बीसौँ एसियाली खेलकुदमा १३५ खेलाडी सहभागी

**रासस**
काठमाडौं, ३ असोज

बीसौँ एसियाली खेलकुद प्रतियोगिता शनिबारदेखि जापानमा औपचारिक रूपमा सुरु हुँदैछ । प्रतियोगिता ४ अक्टोबर (असोज १८ गते) सम्म आइची प्रिफेक्चर र नागोया सहरमा आयोजना हुन लागेको हो।

प्रतियोगिताको उद्घाटन समारोह आजै नागोया सिटी मिजुहोपार्क एथलेटिक खेल मैदानमा हुनेछ। समारोह स्थानीय समयअनुसार आज साँझ ६:०० बजे सुरु हुनेछ । प्रतियोगिताका केही खेल भने उद्घाटन समारोहअघि सुरु भइसकेका छन्।

नेपालबाट १३५ खेलाडीको सहभागिता

यस संस्करणको एसियाली खेलकुदमा नेपालबाट २१ खेलमा १३५ खेलाडीले प्रतिस्पर्धा गर्ने भएका छन्। नेपालबाट सहभागी हुने खेलाडीमा ५७ महिला र ७८ पुरुष जनाउँदै राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्यसचिव रामचरित्र मेहताले टोलीमा खेलाडीबाहेक प्रशिक्षक, व्यवस्थापक, प्राविधिक तथा मेडिकल प्रतिनिधिसहित २११ जना रहने बताउनुभयो । उहाँका अनुसार यसपटक छनोट प्रक्रियाका कारण अघिल्लो संस्करणको तुलनामा नेपालको खेलाडी सङ्ख्या घटेको हो।

सन् २०२३ मा चीनको हाङ्झाउमा भएको एसियाली खेलकुदमा नेपालबाट २५३ खेलाडी सहभागी भएका थिए । सदस्यसचिव मेहताका अनुसार नेपालबाट कबड्डीमा सबैभन्दा बढी २४ खेलाडीले प्रतिस्पर्धा गर्नेछन् । त्यसपछि क्रिकेटमा १५, भलिबलमा १२, उसुमा १०, करातेमा आठ तथा बक्सिङमा सात खेलाडी सहभागी हुँदैछन्।

साथै एथलेटिक्स, जुडो, टेबलटेनिस र कुस्तीमा छ-छ तथा पौडी र टेनिसमा पाँच-पाँच खेलाडीले नेपालको प्रतिनिधित्व गर्नेछन् । यस्तै ब्याडमिन्टन, गल्फ र सफ्ट टेनिसमा चार-चार, तेक्वान्दोमा तीन तथा आर्चरी, साइक्लिङ, ऱ्याफ्टिङ एण्ड क्यानोइङ, स्केट एण्ड स्केट बोर्डिङ र स्क्वासमा दुई-दुई खेलाडीले प्रतिस्पर्धा गर्ने उहाँले जानकारी दिनुभयो । उद्घाटन समारोहमा बक्सिङका चन्द्रबहादुर थापामगर र कबड्डीकी मानमती विष्टले नेपालको राष्ट्रिय झण्डा बोक्नेछन् । थापामगरले गत वर्ष दुबईमा भएको विश्व बक्सिङ च्याम्पियनसिपमा कांस्य पदक जितेका थिए भने विष्टको कप्तानीमा नेपाली महिला कबड्डी टोलीले सन् २०२३ को हाङझाउ एसियाली खेलकुदमा कास्य पदक जितेको थियो।

नेपालले यसपटक एसियाली खेलकुदमा स्वर्णसहित दोहोरो अङ्कमा पदक जित्ने लक्ष्य राखेको छ । आइची-नागोया एसियाली खेलकुदमा ४३ खेल समावेश छन्। प्रतियोगितामा ४५ देश तथा क्षेत्र र एक शरणार्थी टोलीका खेलाडीले प्रतिस्पर्धा गर्नेछन्।

# कांग्रेसको ४३ जिल्लाका ३३९६ वडामा वडा अधिवेशन सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ३ असोज

नेपाली कांग्रेसले आगामी असोज १६ देखि १९ गतेसम्म हुन गइरहेको १५औं केन्द्रीय महाधिवेशनअन्तर्गत शनिबार मुलुकभर वडा अधिवेशन प्रक्रिया उत्साहप्रद रूपमा प्रारम्भ भएको जनाएको छ।

निर्वाचन कार्यक्रमअन्तर्गत ताप्लेजुङ, पाँचथर, सङ्खुवासभा, धनकुटा, सोलुखुम्बु, उदयपुर, झापा, मोरङ, महोत्तरी, रामेछाप, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, चितवन, भक्तपुर, ललितपुर, काठमाडौँ, गोरखा, कास्की, मनाङ, पर्वत, स्याङ्जा, बागलुङ, नवलपुर, पाल्पा, अर्घाखाँची, गुल्मी, रुकुम (पूर्व), रोल्पा, प्युठान, रुकुमपश्चिम, डोल्पा, जुम्ला, मुगु, हुम्ला, जाजरकोट, दैलेख, सुर्खेत, डोटी, अछाम, दार्चुला, बैतडी, कञ्चनपुर र कैलाली जिल्ला गरी ४३ जिल्लाका तीन हजार ३९६ वडामा अधिवेशनपश्चात निर्वाचन सम्पन्न भएको कांग्रेसको निर्वाचन समितिले जनाएको छ।

शनिबार सुरु भएको वडा अधिवेशनबाट वडा कार्यसमिति र क्षेत्रीय प्रतिनिधि चयन हुनुभएको समितिका सदस्य सचिव राजु कटुवालले जानकारी दिनुभयो । यसैगरी, केन्द्रीय निर्वाचन समितिबाट प्रकाशित कार्यतालिका अनुसार रसुवा, नुवाकोट र धादिङ जिल्लाबाहेक अन्य ३१ जिल्लाको वडा अधिवेशन भोलि असोज ४ गते पनि निरन्तर जारी रहने उहाँले बताउनुभयो।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशलाई जन्माउँछ।
- विदुरनीति

## सम्पादकीय

# उपभोक्ता हित संरक्षण मञ्च पोखरा घोषणापत्र जारी

उपभोक्ता हित संरक्षणमा अबको उन्नयन, संबिधान र कानूनको पूर्ण कार्यान्वयन' भन्ने नाराका साथ पोखरामा शुरु भएको उपभोक्ता हित संरक्षण मञ्च, नेपालको ३१ औं बार्षिक साधारण सभाले संविधान दिवसको अवसर पारी १७ बुँदे पोखरा घोषणापत्र जारी गरेको छ। घोषणा पत्रमा बाढी पीडितको राहत, उद्धार र पुनस्थापना, ग्यास तथा खाद्यान्नमा मूल्यवृद्धि नियन्त्रण र सहज पहुँच, उपभोक्ता अदालतको प्रभावकारी सञ्चालन र बिस्तार, स्थानीय बजार अनुगमन र नियमन हुनुपर्ने, खाद्य शुद्धता र गुणस्तर कायम गर्नुपर्ने, ई-कमर्स तथा अनलाइन व्यापारको नियमन हुनुपर्ने, हवाई तथा यातायात भाडा ब्यवस्थापन हुनुपर्ने, मिठाई, पुजा ध्यू तथा बेकरी सटिङ्ग आईटमहरुको गुणस्तर कायम गर्न संघ तथा प्रदेश सरकारहरु समक्ष माग गरिएको छ।

यस्तै बिद्युत सेवा गुणस्तरीय हुनुपर्ने, सुर्तिजन्य पदार्थको विक्रीको मापदण्ड पालना गराउने तथा नसर्ने रोग बिरुद्धको अभियान संचालन गर्नुपर्ने, खाद्य बस्तुहरुमा अत्याधिक बिषादी (पेस्टीसाईड), सुगर, हाई साल्टको प्रयोग रोकथाम गर्नुपर्ने, शिक्षा र स्वास्थ्य क्षेत्रमा रहेका ब्यापारिकरण, बेथितिको रोकथाम तथा नियन्त्रण गर्नुपर्ने, सबै अस्पतालमा सुचिकृत औषधीहरुको सहज पहुँच तथा फार्मेसी पसल संचालन हुनुपर्ने, भ्रमपुर्ण बिज्ञापन रोक्नुपर्ने, ब्यवसाय र मानव अधिकारको अवधारणाको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने, सहकारी सस्थाहरुको नियमन र पीडितले क्षतिपूर्ति पाउनुपर्ने, सामुहिक दुष्कृती (मास टंट) नियन्त्रण गरी उपभोक्ता सुरक्षा गर्नुपर्ने घोषण पत्रमा उल्लेख छ। नेपालको संविधानको धारा ४४ द्वारा प्रदत्त प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हकको पूर्ण कार्यान्वयन गर्दै, उपभोक्ता अधिकारलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानून बमोजिम मानव अधिकारको रूपमा स्थापित गर्न गण्डकी प्रदेशको पर्यटकीय नगरी पोखरामा आयोजित उपभोक्ता हित संरक्षण मञ्च, नेपालको ३१औं साधारण सभाले यो घोषणापत्र जारी गरेको छ।

सभाको उद्धाटन सत्रमा नेपालमा उपभोक्ता अधिकार स्थापनामा मञ्चको भूमिका महत्वपूर्ण रहेको वक्ताहरूले चर्चा गरेका थिए। साधारण सभाको उदघाटन गर्दै कास्कीका प्रमुख जिल्ला अधिकारी कुमान सिंह गुरुङले उपभोक्ता अधिकार स्थापित गर्न मञ्चको महत्वपूर्ण भूमिका रहेको बताए। कार्यक्रममा पोखरा महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजन पौडेलले उपभोक्ता अधिकार स्थापित हुन उपभोक्ता, बजार र नियामक निकायको बराबर भूमिका रहने बताए। उनले अधिकार प्राप्तिका लागि उपभोक्ता अझै जागरुक हुनुपर्ने सुझाव दिए।

उपभोक्ता हित सरक्षण मञ्चका अध्यक्ष ज्योति बाँनियाले मञ्चको सकृयतामा उपभोक्ता अधिकारको संरक्षणमा नेपालमा महत्वपूर्ण उपलब्धि हात लागेको बताए। उनले संविधान, कानुन र उपभोक्ता अदालत स्थापनासम्मका उपलब्धि भएको र यसको पूर्ण कार्यान्वयनबाट आम नागरिक उपभोक्ताको सुरक्षा हुने दावी गरे। साधारण सभामा महासचिव बिष्णु तिमिल्सिनाले बार्षिक प्रतिवेदन पेश गर्दै मञ्चको सांगठनिक क्षमता बढेको बताउदै कामहरु प्रभावकारी भएको वताए। कोषाध्यक्ष पोषकलाल श्रेष्ठद्वारा प्रस्तुत वार्षिक प्रतिवेदनमा आ.व. २०८२/८३ मा दुई करोड ५० लाख ५५ हजार रुपियाँको आयव्यय अनुमान गरिएकोमा दुई करोड दश लाख ८३ हजारको आयव्यय भएको उल्लेख छ। मञ्चको आ.व. २०८३/८४ मा उपभोक्ता सचेतना लगायतका कामका लागि अनुमानित तीन करोड ५१ लाख रुपियाँको आयव्यय प्रस्तुत भएको छ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : स्वास्थ्यमा सुधार |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : शुभ यात्रा |
| मिथुन | : मानसिक तनाब | धनु | : आर्थिक समस्या |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : शत्रुको भय |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : झमेला बढ्ने | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# करेन्ट लागेर मर्‍यो जङ्गली हात्ती 'रोनाल्डो'

**रासस**
चितवन, ३ भदौं

जङ्गली हात्ती 'रोनाल्डो' मृत भेटिएको छ। चितवन राष्ट्रिय निकुञ्जको बरन्डाभारमा विद्युतीय तार रहेका अवस्थामा हात्ती आज मृत भेटिएको हो।

निकुञ्जका सूचना अधिकारी अविनाश थापामगरका अनुसार टिकौली गेटबाट बरन्डाभार पोष्टमा लगिएको विद्युतीय तारमा परेर हात्ती मरेको अवस्थामा फेला परेको हो। उहाँका अनुसार १६ फिट माथिबाट तानिएको प्लास्टिकले बेरिएको (कोटेट) हात्तीको मुखमा देखिएको छ। गएराति कुनैबेला हात्तीले हिँड्ने क्रममा सूँडले तारमा लागेर करेन्ट लागेको प्रारम्भक अनुमान छ। अन्दाजी ४५ वर्षीय जङ्गली हात्ती केही वर्षअघिसम्म रिसाहा भए पनि पछिल्ला वर्षमा शान्त थियो। थापामगरका अनुसार एकीन तथ्याङ्क नभए पनि पाँच/छ जनालाई यसले रिसाउँदा आक्रमण गरेर मारेको अनुमान छ। विसं २०६५/६६ देखि हात्ती प्रजनन तथा तालिम केन्द्र खोरसोरमा आउनेजाने गरेको यो हात्तीबाट ३३ वटा बच्चा जन्मिएको केन्द्रका मणिपुरण चौधरी बताउनुहुन्छ। पछिल्ला वर्षमा निकै शान्त यस हात्तीले अधिकांश केन्द्रका पोथी हात्तीलाई प्रजनन गराउँदै आएको थियो। चौधरीले भन्नुभयो, "विसं २०५० यता हालसम्म केन्द्रमा ७१ वटा छावा जन्मिएकामा ३३ वटाको बाउ रोनाल्डो हो।" केन्द्र विसं २०४४ मा स्थापना भएको हो। विसं २०५० बाट त्यहाँ बच्चा जन्मिन सुरु गरेका हुन्।

चौधरीका अनुसार यस वर्ष बच्चा जन्माउन लागेका ऐश्‍वर्यमाला र कर्णालीकलीलाई रोनाल्डोले नै प्रजनन गराएको हो। त्यस्तै, गर्भवती भएका तमोर, तीर्थमान, हिमाली र चितवनकलीलाई पनि रोनाल्डोले नै प्रजनन गराएको चौधरीले बताउनुभयो। खोरसोरमा रहेका सात वटा छावामध्ये छ वटा रोनाल्डो को हुन् भने एउटा ध्रुवेको हो।

खोरसोरमा नौ वटा माउ छन्। तीमध्ये माउसमेत अधिकांश रोनाल्डोको बच्चा भएको उहाँ बताउनुहुन्छ। विगत दुई महिनायतादेखि खोरसोर क्षेत्रमा रोनाल्डो आएको थिएन। चौधरीले भन्नुभयो, "त्यतिको शान्त जङ्गली हात्ती अरु हुँदैनन। यो मर्दै गर्दा खोरसोरको नाकै गयो।" रोनाल्डो आउन छाडेपछि हिजोआज गोविन्दे हात्ती प्रजनन केन्द्रमा आउने जाने गरेको छ। यो निकै रिसाहा रहेको उहाँ बताउनुहुन्छ।

# जलविद्युत् आयोजनाको सहयोगमा दुखुखोला सडक पुल संरक्षण

**पोखरापत्र संवाददाता**
म्याग्दी, ३ असोज

बाढी र कटानको उच्च जोखिममा परेको म्याग्दीको बेनी-दरवाङ सडकअन्तर्गत मङ्गला गाउँपालिका-२ र मालिका गाउँपालिका-६ को सिमानामा रहेको दुखुखोलाको सडक पुल जलविद्युत् आयोजनाको सहयोगमा संरक्षण गरिएको छ।

दुखुखोलामा आएको बाढीले पुलको मङ्गला गाउँपालिकातर्फ पिल्लरको जगमुनिबाट खोला बग्न थालेको र पहुँचमार्ग कटान गरेर साँघुरिएकाले यात्रुवाहक सवार साधन र जलविद्युत् आयोजनाका सामग्री बोकेका ठूला ट्रक गुड्ने पुल भासिएर दुर्घटना हुने जोखिम थियो। मालिका, धौलागिरि र तमानखोला गाउँपालिकाको बेनीसँग जोड्ने सडकमा यातायात सम्पर्कविच्छेद हुन नदिनका लागि जलविद्युत् आयोजनाहरूको सहयोगमा मर्मत र संरक्षण गरिएको जिल्ला समन्वय समिति, म्याग्दीका कार्यवाहक प्रमुख डिलकुमारी खत्रीले बताउनुभयो। उहाँका अनुसार ६५ मेगावाट क्षमताको म्याग्दीखोला, ३७ मेगावाट क्षमताको अपर म्याग्दी, ५३ दशमलव पाँच मेगावाट क्षमताको अपर म्याग्दी-१, २५ मेगावाट क्षमताको दरवाङ म्याग्दीखोला, १४ मेगावाट क्षमताको मुदीखोला र छ मेगावाटको दरखोला जलविद्युत् आयोजनाले साझेदारीमा पुल मर्मत गरेका हुन्। "पुलको जोखिमका कारण आवतजावत ठप्प हुने अवस्था र निर्माण कार्य प्रभावित बनेपछि म्याग्दी नदी बेसिनका जलविद्युत् आयोजनाहरुले साझेदारी गरेर संरक्षणको काम गरेका हुन्", कार्यवाहक जिसस प्रमुख खत्रीले भन्नुभयो, "सरकारी प्रक्रियाबाट ढिलाइ हुने भएकाले जलविद्युत् आयोजनाको सहयोग मागिएको हो।" दुखुखोला पुलको जोखिमका कारण जलविद्युत् आयोजनाहरूमा निर्माण सामग्री र उपकरण ढुवानीमा समस्या भएको थियो। अपर म्याग्दी-१ जलविद्युत् आयोजनाका प्रमुख ज्योतिकुमार केसीले खोला डाइभर्सन, पुलको जगमुनि ढलाल र पहुँचमार्गमा ग्याबियन पर्खाल लगाएर संरक्षण गरी सबै किसिमका सवारीसाधन सञ्चालन गर्न मिल्ने बनाएको बताउनुभयो। सङ्घीयता लागू हुनुअघि तत्कालीन जिल्ला प्राविधिक कार्यालयले ठेक्का लगाएको २० मिटर लामो र छ मिटर फराकिलो यो पुल रु दुई करोड छ लाखमा विसं २०७६ मा निर्माण सम्पन्न भएर सञ्चालनमा आएको थियो। मालिका धुरीको फेदीमा मुहान रहेको दुखु ठाडोखोला हो।

# पोखरामा कर्पोरेट र आमा समूह दौड

**पोखरापत्र संवाददाता**
पोखरा, ३ असोज



पोखरामाकर्पोरेटपुरुष,बिद्यार्थी छात्र/छात्रा, खुला/महिला /पुरुष ५ किलोमिटर, आमा समुह र कर्पोरेट महिला समूहको ३ किलोमिटर दौड प्रतियोगिता सम्पन्न भएको छ।

पोखरा अन्तराष्ट्रिय म्याराथनको आयोजक संस्था नेपाल भूतपूर्व खेलाडी मञ्चको आयोजनामा शनिवार कर्पोरेट /महिला पुरुष, पोखरा १० का आमा समुह तथा टोल विकास संस्थाका महिला सदश्यहरु, बिद्यार्थी छात्र-छात्रा र खुला महिला-पुरुष दौड सम्पन्न भएको हो। मञ्चले नियमित रुपमा आयोजना गदै आइरहेको साप्ताहिक तथा मासिक दौड अन्तगर्त प्रत्येक महिनाको पहिलो शनिवार आयोजना गर्दै आएको २१ औँ श्रृंखला अन्तरगर्त रहेर पोखरा रङगशालमा उक्त प्रतियोगिता आयोजना गरिएको रेस डाइरेक्टर तेजबहादुर गुरुङले जानकारी दिए। पोखरा रङगशालको फुटबल मैदानबाट शुरु भएको दौड पोखराका बिभिन्न ठाउँहरु परिक्रमा गरि सोहि ठाउँमा पुगेर समापन भएको हो। कर्पोरेट पुरुष दौडतर्फ प्रतिभा माविका आइला साईले पहिलो स्थान हासिल गर्दा कान्तिपुर एकेडेमिका कुल चन्द्र अधिकारी दोस्रो र एनआइ एमबि बैंकका उमेश अधिकारी तेस्रो भए। कर्पोरेट महिला दौडमा माउन्ट अन्नपूर्ण माविका शिक्षक भीमकुमारी पुन पहिलो, एन आइ एमबि बैंककि सुजता मास्के दोस्रो, अल्फा एकेडेमिकि रेश्मा गुरुङ तेस्रो स्थानमा रहिन्। सो विधामा पोखरा उद्योग बाणिज्य संघका अध्यक्ष शोभा गौतमले चौथो स्थान हासिल गरिन्। वडा नम्बर १० स्तरीय आमा समूह दौडतर्फ आशा राना प्रथम, खिरना थापा द्वितीय र नारायणीदेवी पहाडी तृतीय भइन्। त्यसैगरी, खुला पुरुष दौडमा माउन्ट अन्नपूर्णका अमन तिलिजाले पहिलो, हुदा भने माउन्ट अन्नपूर्णकै क्रमस साजन तामाङले दोस्रो र टेनिस छन्त्यालले तेस्रो स्थान प्राप्त गरे। १६ वर्षमुनिको छात्रा दौडमा कालिका स्कुलकि शनिसा सापकोटा पहिलो, कालिका स्कुलकै मनिषा गिरी दोस्रो र क्रिटिना गुरुङ तेस्रो भए।

१६ वर्षमुनिको छात्र दौडमा छोरेपाटन माविका सुवान विकले पहिलो, क्रमस कालिका स्कुलका प्रतीक मगरले दोस्रो र किसान सुनारले तेस्रो स्थान हासिल गरेको द्वितिय उपाध्यक्ष कृष्ण तिमिल्सिनाले बताए।

बिजेता धावकहरुलाई कार्यक्रमका प्रमुख अतिथि पोखरा उद्योग बाणिज्य संघका अध्यक्ष शोभा गौतम संघकै महासचिव सुदिप प्रधानाङ्ग, पोखरा १० का वडा सदश्य पूर्ण चन्द्र न्यौपाने, कास्की जिल्ला खेलकुद विकास समितिका कोषाध्यक्ष आशिष थापा, मञ्चका अध्यक्ष दिल बहादुर गुरुङ,निवर्तमान अध्यक्ष हरिप्रसाद पराजुली, लगाएतले मेडल, प्रमाणपत्र तथा विभिन्न गिफ्ट ह्याम्पर प्रदान गरेका थिए।

कार्यक्रममा बोल्दै पोखरा उद्योग बाणिज्य संघका अध्यक्ष गौतमले नियमित रूपमा आयोजना गरिने यस्ता दौड कार्यक्रमले नागरिकलाई शारीरिक रूपमा स्वस्थ र सक्रिय बनाउन महत्वपूर्ण भूमिका खेल्ने बताइन्। स्वस्थ समाज निर्माणमा योगदान पुर्‍याएको भन्दै उनले आयोजकप्रति आभारसमेत व्यक्त गरिन्। मञ्चका अध्यक्ष गुरुङले प्रतिकूल मौसमका बाबजुद पनि दौडमा ठूलो संख्यामा धावकहरूको सहभागिता भएकोमा खुसी व्यक्त गरे। उनले कार्यक्रम सफल बनाउन सहयोग गर्ने सम्पूर्ण संघ-संस्था, सहयोगी तथा सहभागी धावकहरूलाई धन्यवाद व्यक्त गरे। दौडमा बिभिन्न बिधामा गरेर ४ सय ५० भन्दा बढि धावकहरुको सहभागिता रहेको स्वयमसेवक संयोजक ओम गुरुङले बताए।

सो कार्यक्रममा प्रभु महालक्ष्मी लाईफ इन्स्योरेन्स, पोखरा महानगरपालिका वडा नं १० सहयोगि संस्थाको रुपमा रहेका थिए। यस अघि पोखरा, भदौ ६ गते वडा नं.११ मा २० औँ श्रृङखला अन्तर्गतको दौड प्रतियोगिता आयोजना भएको थियो। मञ्चले आयोजना गर्ने अर्को दौड प्रतियोगिता कार्तिक महिनाको पहिलो शनिवार हुनेछ।

# गोपालधाममा शिविर

**पोखरापत्र संवाददाता**
पोखरा, ३ असोज




गोपाल सेवा केन्द्र (गोपालधाम) पोखरा-१८ मा शनिबार भएको निशुल्क रक्त परीक्षण शिविरमा १ सय १६ जनाको सित्तैमा जाँच गरिएको छ।

गण्डकी प्रदेशकै पहिलो रेफरेन्स ल्याब युनाइटेड रेफरेन्स ल्याबोरेटरी (युआरएल) को प्राविधिक सहयोगमा उनीहरुको मधुमेह र कलेजोसम्बन्धी जाँच सित्तैमा गरिएको हो। कार्यक्रममा वरिष्ठ पेट तथा कलेजो रोग विशेषज्ञ डा शंकर बरालले पेट तथा कलेजोका विभिन्न रोगबारे प्रकाश पारे। उनले ग्यास्टिक खानपानले मात्र नभई ब्याक्टेरियाका कारणले पनि हुन सक्ने उल्लेख गरे।

'ग्यास्ट्रिक धेरै कारणले हुन सक्छ सधैं औषधी खाइरहँदा हानि गर्छ,' उनले भने, 'डाक्टरको परामर्शमा औषधी खान खानुपर्छ। बेला बेलामा जाँच पनि गराइरहनुपर्छ।'

युआरएएलका प्रबन्ध निर्देशक गणेशप्रसाद कोइरालाले संस्थाले गरिरहेका शिविरहरु विश्वास र सेवाप्रतिको प्रतिबद्धताको प्रमाण भएको उल्लेख गरे। उनले भने, 'हामी यो क्षेत्रको एकमात्र आइएसओ प्रमाणपत्र प्राप्त ल्याब हौं, गुणस्तर र सेवामा पनि हामी पहिलो नै बनेका छौं।' गोपालधामका अध्यक्ष लक्ष्मीशरण पराजुलीको अध्यक्षतामा भएको कार्यक्रममा सचिव रामजीप्रसाद पराजुली र महासचिव कल्पना सुवेदीले पनि बोलेका थिए। स्थापनादेखि नै युआरएलले आफैं र विभिन्न संघ, संस्थासँग सहकार्य गरी निशुल्क रगत जाँच शिविर आयोजना गर्दै आएको छ। शनिबार आयोजित शिविर २ सय ३८ औं हो। २०७० सालमा स्थापना भएको युआरएलले गण्डकीका प्रदेशका विभिन्न जिल्लामा गरी २४ शाखाबाट सेवा प्रवाह गर्दै आएको छ।

# तेस्रो पुम्दी-भुम्दी पर्वतीय दौडको इन्स्योरेन्स पार्टनरमा युनाइटेड अजोड

**पोखरापत्र संवाददाता**
पोखरा, ३ असोज

तेस्रो संस्कणको पुम्दी-भुम्दी पर्वतीय दौड प्रतियोगिता २०८३ को इन्स्योरेन्स पार्टनरमा युनाइटेड अजोड इन्स्योरेन्स लिमिटेडले सहकार्य गर्ने भएको छ।

पोखराको खेलकुद तथा पर्यटन क्षेत्रको महत्वलाई मध्यनजर गर्दै कम्पनीले उक्त प्रतियोगितालाई भव्य रुपमा सफल पार्न यस बर्ष पनि सहकार्य गरेको प्रतियोगिता आयोजकले जनाएको छ। प्रतियोगितासँग सहकार्य गर्ने सम्बन्धमा युनाइटेड अजोड इन्स्योरेन्सका गण्डकी प्रदेश प्रमुख गोपालप्रसाद पौडेल र प्रतियोगिता संयोजक दीननाथ बराल बीच सम्झौतापत्रमा हस्ताक्षर भएको हो। कार्यक्रममा प्रदेश प्रमुख पौडेलले प्रतियोगितासँग सहकार्य गर्न पाएकोमा खुसी व्यक्त गर्दै अघिल्लो वर्षदेखि सुरु भएको सहकार्यलाई आगामी दिनमा समेत निरन्तरता दिने बताउनुभयो।

पोखरा प्रवर्धन केन्द्र र पोखरा क्लिक प्रालिको संयुक्त आयोजनामा यही असोज २४ गते शनिबार पोखरा-२२ स्थित विश्वशान्ति स्तुपदेखि बिशाल महादेवको मुर्ति( पुम्दीकोट), पोखरा २२ को वडा कार्यालय हुदै कालाबाङ घरेडी बुद्धपार्कसम्म करिब ८ किलोमिटर दूरीमा पर्वतीय दौड प्रतियोगिता आयोजना हुँदैछ। प्रतियोगितामा खुला, महिला, यू-१६, विदेशी पर्यटक, भेट्रान्स तथा वडास्तरीय गरी विभिन्न ६ विधामा धावकहरूले प्रतिस्पर्धा गर्नेछन्। प्रतियोगिताका प्रत्येक विधाका विजेतालाई नगद पुरस्कारसहित ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिने आयोजकले जनाएको छ। यसैबीच, प्रतियोगितामा सहभागी हुन चाहने खेलाडीका लागि दर्ता फारम खुला गरिएको छ। खेलाडीहरूको नाम दर्ता सुरु भइसकेको प्रतियोगिता आयोजक संस्था पोखरा प्रवर्धन केन्द्रका सचिव सागर सुनारले जानकारी दिनुभयो। उहाँले प्रतियोगितामा सहभागी हुन इच्छुक खेलाडीहरूलाई समयमै आफ्नो नाम दर्ता गराउन आग्रह गर्नुभएको छ। पुम्दी-भुम्दी क्षेत्रको खेल तथा पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले आयोजना हुने प्रतियोगितामा म्याजेस्टिक लेक फ्रन्ट होटल एण्ड सुइट्स हस्पिटालिटी पार्टनरका रूपमा जोडिएको छ। नेलम्बो नेपाल मेडिकल पार्टनर र पोखरा टेलिभिजन अफिसियल टेलिभिजनका रूपमा रहेको आयोजकले जनाएको छ।

प्रतियोगिता सफल बनाउन पोखरा महानगरपालिकाले प्रबर्द्धन गरेको छ भने परिचय एड्भर्टाइजिङ, पोखरा महानगरपालिका-२२ वडा युवा परिषद्, स्थानीय क्लब, व्यवसायी तथा विभिन्न सङ्घसंस्थाको सहयोग रहेको आयोजकले जनाएको छ। प्रदेश खेलकुद परिषद् गण्डकीको अनुमतिमा पोखरा २२ को समन्वयमा उक्त प्रतियोगिता हुन लागेको हो।

# पोखरामा सार्वजनिक भयो चाङ्गान नेभो क्यू ०५

**पोखरापत्र संवाददाता**
पोखरा, ३ असोज

चाङ्गानको नयाँ विद्युतीय खेलकुद उपयोगी सवारी साधन 'नेभो क्यू ०५' पोखरामा सार्वजनिक गरिएको छ। पोखरामा शुक्रबार साँझ आयोजित एक समारोहका बीच पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष शोभा गौतमले नेभो क्यू०५ सार्वजनिक गर्नुभएको हो।

कार्यक्रममा बोल्दै अध्यक्ष गौतमले पछिल्लो समय पोखरामा नयाँ-नयाँ विद्युतीय सवारी साधन सार्वजनिक हुनुका साथै बिक्री-वितरणसमेत विस्तार हुँदै जानुले पोखरा क्षेत्रको आर्थिक गतिविधिलाई थप चलायमान बनाउन सहयोग पुग्ने बताउनुभयो। वातावरणमैत्री विद्युतीय सवारी साधनप्रति पोखरेलीको आकर्षण बढिरहेको उल्लेख गर्दै उहाँले नेभो क्यू०५ लाई पनि पोखरेली उपभोक्ताले रुचाउने विश्वास व्यक्त गर्नुभयो । उहाँले पोखरामा विद्युतीय सवारी साधनको प्रयोग बढ्दै जानुले वातावरण संरक्षणसँगै यातायात क्षेत्रलाई आधुनिक र दिगो बनाउने दिशामा समेत योगदान पुग्ने बताउनुभयो।

समारोहमानेपाल अटोमोबाइल डिलर्स संघका पूर्वअध्यक्ष ध्रुव थापा, पश्चिमाञ्चल अटोमोबाइल डिलर्स संघका उपाध्यक्ष निरन केसी, दिपलका सद्भावना




दूत प्रदीप खड्का, होटल संघ पोखरा नेपालका अध्यक्ष लक्ष्मण सुवेदी, एमएडब्ल्यू वृद्धी अटोकर्प प्रालिका निर्देशक पार्थ सिकरिया तथा प्रमुख कार्यकारी अधिकृत ज्ञानेन्द्रबहादुर चन्दलगायतको उपस्थिति थियो।

एमएडब्ल्यू वृद्धी अटोकर्प प्रालिले नेपालमा भित्र्याएको नेभो क्यू०५ को अल्ट्रा संस्करणको मूल्य ५१ लाख ९९ हजार रुपैयाँ तोकिएको छ। कम्पनीले नेभो क्यू०५ लाई आराम, आकर्षक बनावट र अत्याधुनिक प्रविधिको संयोजन भएको सानो आकारको विद्युतीय खेलकुद उपयोगी सवारीका रूपमा बजारमा प्रस्तुत गरेको हो । नेभो क्यू०५ मा 'गोल्डेन सिल्ड ब्याट्री २।० ' प्रविधिसहितको ब्याट्री प्रयोग गरिएको छ। कम्पनीका अनुसार उपयुक्त अवस्थामा यसको ब्याट्री ३० प्रतिशतबाट ८० प्रतिशतसम्म करिब १५ मिनेटमै चार्ज गर्न सकिन्छ। गाडीमा १४ दशमलव ६ इन्चको उच्च गुणस्तरको सूचना तथा मनोरञ्जन पर्दा, ताररहित मोबाइल जडान सुविधा, चालक सहायता प्रणाली तथा चारैतर्फको दृश्य देखाउने क्यामेरा प्रणालीलगायतका सुविधा उपलब्ध छन् । भेरियन्टअनुसार १८ वटासम्म चालक सहायता सुविधा र ५४० डिग्रीसम्मको दृश्य देखाउने प्रणालीसमेत उपलब्ध हुने कम्पनीले जनाएको छ।

नेभो क्यू०५ को बाहिरी बनावट चाङ्गानका विश्वव्यापी बनावटसम्बन्धी उपाध्यक्ष तथा फोक्सवागन समूहका पूर्व डिजाइन प्रमुख क्लाउस जिक्योरा नेतृत्वको टोलीले विकास गरेको कम्पनीले जनाएको छ। कम्पनीका अनुसार यसको विकासमा ३१ देशका ९१५ भन्दा बढी बनावट विशेषज्ञले योगदान गरेका छन् । 'फुगुआङ' बनावट अवधारणाबाट प्रेरित क्यू०५ मा सन्तुलित अनुपात, आकर्षक बाहिरी स्वरूप र वायुगतिकीय संरचनालाई प्राथमिकता दिइएको छ।

नेभो क्यू०५ सार्वजनिक गरेसँगै पोखरामा चारदिने विशेष परीक्षण कार्यक्रमसमेत आयोजना गरिएको छ। ग्राहकहरूले असोज ३ गतेदेखि ६ गतेसम्म चाउथेमा रहेको दिपल पोखरा प्रदर्शनी कक्षमा पुगेर नेभो क्यू०५ चलाएर प्रत्यक्ष अनुभव लिन सक्नेछन्। कम्पनीले पोखरामा सार्वजनिक गरिएको यस नयाँ विद्युतीय सवारी साधनमार्फत नेपाली बजारमा आराम, उपयोगिता, आकर्षक बनावट र आधुनिक प्रविधिको संयोजन प्रस्तुत गर्न खोजिएको जनाएको छ। चाङ्गान अटोमोबाइल चीनको लामो औद्योगिक इतिहास भएको प्रमुख सवारी साधन निर्माता कम्पनीमध्ये एक हो। कम्पनीले विश्वका एक सयभन्दा बढी देशमा आफ्नो उपस्थिति रहेको तथा नयाँ ऊर्जा, विद्युतीय सवारी र नयाँ पुस्ताको यातायात प्रविधिमा लगानी गर्दै आएको जनाएको छ।

नेपालमा चाङ्गान तथा यसका दिपल, नेभो र अवात्र ब्रान्डका सवारी साधनको आधिकारिक बिक्री-वितरण एमएडब्ल्यू वृद्धी अटोकर्प प्रालिले गर्दै आएको छ। कम्पनीले नेपाली बजारमा आधुनिक प्रविधि, नयाँ बनावट र विद्युतीय सवारी साधन विस्तार गर्ने लक्ष्यसहित विभिन्न मोडल सार्वजनिक गर्दै आएको कम्पनीका रुपेश श्रेष्ठले जनाए।



ताया:मचा नृत्य प्रतियोगिता : नेवाः खलः कास्कीको आह्वान र लामाचौर नेवाः खलः गुठी कास्कीको आयोजनामा शनिबार पोखरामा भएको जिल्ला स्तरीय तायाः मचा नृत्य प्रतियोगितामा सहभागी कलाकार। तस्बिरः धनबहादुर गुरुङ/रासस

# विज्ञान प्रदर्शनीमा डिज्नील्यान्ड एकेडेमी प्रथम

**पोखरापत्र संवाददाता**
पोखरा, ३ असोज

विज्ञान शिक्षक समाज नेपाल जिल्ला कार्यसमिति कास्कीको आयोजनामा राष्ट्रिय विज्ञान दिवसको अवसरमा आयोजित स्ट्यान विज्ञान प्रदर्शनी २०८३ हालै सम्पन्न भएको छ।

विद्यार्थीमा वैज्ञानिक सोच, खोज तथा अनुसन्धानको भावना, सिर्जनशीलता, नवप्रवर्तन र समस्या समाधान गर्ने क्षमताको विकास गर्ने उद्देश्यले आयोजित जिल्ला स्तरीय विज्ञान प्रदर्शनीमा कास्कीका २८ विद्यालयका ३६ समूहमा १ सय ३६ विद्यार्थी सहभागी भएका थिए । पोखरा-९, नयाँबजारस्थित प्रदर्शनी केन्द्रमा आयोजित प्रदर्शनीमा विद्यार्थीहरूले विज्ञान तथा प्रविधिमा आधारित विभिन्न परियोजना तथा नमुना प्रस्तुत गरेका थिए। उनीहरूले वैकल्पिक ऊर्जा तथा दिगो समाधान, फोहोरमैला व्यवस्थापन, आधुनिक प्रविधि तथा स्मार्ट सिटी, स्थानीय प्रविधि र मौलिक नवप्रवर्तनलगायतका विषयमा सिर्जनात्मक परियोजना प्रदर्शन गरेका थिए। कार्यक्रमको उद्घाटन गण्डकी विश्वविद्यालयका कुलपति प्रा. डा. इन्द्रप्रसाद तिवारी र कार्यक्रमका सभापति महेशकुमार प्रधानले संयुक्त रुपमा ब्यानरमा हस्ताक्षर गरेर गरेका थिए। कार्यक्रममा शिक्षा विकास




तथा समन्वय एकाइ, कास्कीका प्रमुख लोकनाथ आचार्य र पोखरा उद्योग वाणिज्य संघकी अध्यक्ष शोभा गौतम विशिष्ट अतिथिका रूपमा सहभागी थिए। कास्कीका अध्यक्ष महेशकुमार प्रधानको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन कास्कीका सचिव दुर्गाप्रसाद सुवेदीले गरेका थिए। कार्यक्रम संयोजक भेषबहादुर केसीले साहित्य मय लयमा स्वागत गरेका थिए। विभिन्न परियोजनाको मूल्याङ्कनपछि डिज्नील्यान्ड एकेडेमी, मासबार प्रथम भएको छ । ताराकुञ्ज माध्यमिक विद्यालय, पाटनबैंसी द्वितीय र मदरल्याण्ड माध्यमिक विद्यालय, मासबार तृतीय भएका छन्।

त्यसैगरी बालोदय माध्यमिक विद्यालय, बिरौटा चौथो भएको छ भने एक्स-आर्मी पब्लिक माध्यमिक विद्यालय र पिस जोन एकेडेमीले सान्त्वना पुरस्कार प्राप्त गरेका छन् । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने विद्यालयले क्रमशः १६ हजार, १३ हजार र १० हजार रुपैयाँ पुरस्कार प्राप्त गरेका छन् , परियोजनाको मूल्याङ्कन डा. अनिल सुवेदी, डा. विदुर देवकोटा र डा. हेम चौलागाईंले गरेका थिए।

विद्यालयस्तरीय विज्ञान तथा नवप्रवर्तनलाई प्रोत्साहन गर्ने उद्देश्यलेपालिकाप्रोत्साहनअन्तर्गत विभिन्न स्थानीय तहबाट सहभागी विद्यालयलाई समेत सम्मान तथा पुरस्कार प्रदान गरिएको थियो। अन्नपूर्ण गाउँपालिकाबाट श्री धारापानी माध्यमिक विद्यालय, माछापुच्छ्रे गाउँपालिकाबाट श्री महेन्द्र माध्यमिक विद्यालय र पोखरा महानगरपालिकाबाट श्री कालिका माध्यमिक विद्यालय, रामबजारलाई पालिका प्रोत्साहनअन्तर्गत सम्मान गरिएको थियो । कार्यक्रम संयोजक भेषबहादुर केसीका अनुसार सम्मानित विद्यालयलाई प्रोत्साहनस्वरूप जनही चार हजार रुपैयाँ प्रदान गरिएको थियो।

# तनहुँ दूध, मासु र अण्डामा आत्मनिर्भर

**पोखरापत्र संवाददाता**
तनहुँ, ३ असोज

तनहुँ जिल्ला दूध, मासु र अण्डामा आत्मनिर्भर बन्दै गएको छ। विगत केही वर्षदेखि जिल्ला दूध, मासु र अण्डामा आत्मनिर्भर छ भने माछामा भने आत्मनिर्भर नरहेको भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र तनहुँले जनाएको छ।

केन्द्रका पशु स्वास्थ्य प्राविधिक रुद्रसिंह ठकुरीले प्रति व्यक्ति प्रति वर्ष न्यूनतम ९१ लिटर दूध आवश्यक पर्नेमा तनहुँमा ११५.५ लिटर उपलब्धता रहेको जानकारी दिनुभयो । त्यस्तै १४ केजी मासु आवश्यक पर्नेमा १४.२ केजी केजी मासु उपलब्धता छ। ४८ गोटा अण्डा आवश्यक पर्नेमा ८१ गोटा अण्डा उपलब्धता रहेको ठकुरीले बताउनुभयो । यो हिसाबले प्रति व्यक्तिका लागि दूधमा २४.५४ लिटर, मासुमा ०.२ केजी र अण्डामा ३३ गोटा बढी उत्पादन भइरहेको उहाँले बताउनुभयो । माछामा भने ७ केजी आवश्यक पर्नेमा ०.२७ केजीमात्रै उपलब्धता छ। माछामा अझै ६.७ केजी अपुग रहेको ठकुरीले बताउनुभयो । उहाँका अनुसार जिल्लामा ७८ हजार तीन सय नौ परिवार सङ्ख्या रहेकामा ४९ हजार छ सय ४० परिवार पशुपालनमा निर्भर रहेको छ । आर्थिक वर्ष २०८२/८३ मा जिल्लामा ७६ हजार एक सय २१ मेट्रिक टन दूध उत्पादन भएको छ। आर्थिक वर्ष २०८१/८२ मा ७४ हजार सात सय ५१ मेट्रिक टन दूध उत्पादन भएको थियो। यो वर्ष एक हजार तीन सय ६९ मेट्रिक टन बढी दूध उत्पादन भएको छ । दूध उत्पादक कृषकलाई उत्पादनमा प्रोत्साहन दिने नीतिले कृषक पशुपालनतर्फ आकर्षित भएको ठकुरीको भनाइ छ। आर्थिक वर्ष २०८२/८३ मा चार हजार सात सय ८१ दशमलब ३ मेट्रिक टन मासु उत्पान भएको छ। आर्थिक वर्ष २०८१/८२ मा चार हजार नौ सय ९८ दशमलब १९ मेट्रिक टन मासु उत्पादन भएको थियो। मासुमा राँगा, भैसी, खसीबोका र सुङ्गुर बङ्गुरको उतदन घटेको छ भने कुखुराको उत्पादन बढेको ठकुरीले बताउनुभयो।

आर्थिक वर्ष २०८२/८३ मा एक सय ६४ मेट्रिक टन माछा उत्पादन भएको छ । आर्थिक वर्ष २०८१/८२ मा एक सय १३ मेट्रिक टन माछ्रा उत्पादन भएको थियो । जिल्लामा गाई, हाँस, खरायो पालनको सङ्ख्या बढेको छ । आर्थिक वर्ष २०८१/८२ मा ४९ हजार सात सय ४२ गाईपालन गरिएकामा आर्थिक वर्ष २०८२/८३ मा गाईको सङ्ख्या ४९ हजार नौ सय १२ पुगेको छ। आर्थिक वर्ष २०८१/८२ मा भैसी ५३ हजार तीन सय ८३ रहेकामा आर्थिक वर्ष २०८२/८३ मा ५१ हजार दुई सय ३५, आर्थिक वर्ष २०८१/८२ मा बाख्रा तीन लाख ८८ हजार एक सय ७६ रहेकामा आर्थिक वर्ष २०८२/८३ मा तीन लाख ७४ हजार सात सय ६५ रहेको छ।

आर्थिक वर्ष २०८१/८२ मा कुखुरा नौ लाख ९८ हजार नौ सय ३६ रहेकामा आर्थिक वर्ष २०८२/८३ मा नौ लाख ९७ हजार सात सय ६५ पुगेको कार्यालयले जनाएको छ।

# कोरला नाकाबाट भित्रिन थाले भेडाच्याङ्ग्रा

**पोखरापत्र संवाददाता**
मुस्ताङ, ३ असोज

नेपाल-चीन उत्तरी कोरला नाकाबाट पहिलो पटक भेडाच्याङ्ग्रा भित्रन थालेका छन्। लोमान्थाङ-४ न्हेचुङस्थित क्वारेन्टाइन चेकपोस्टका अनुसार कोरला नाकाबाट चार हुल भेडाच्याङ्ग्रा नेपाल भित्रिएको हो।

गत वर्षको भदौ ३१ गतेदेखि पूर्ण रूपमा सञ्चालनमा आएको यहाँस्थित नेपाल-चीन उत्तरी कोरला नाकाबाट कानुनी प्रावधानअनुसार तिब्बतबाट भेडाच्याङ्ग्रा नेपाल भित्रिन थालेका हुन् । पशु क्वारेन्टाइन कार्यालय पोखराका प्रमुख एवं वरिष्ठ पशुचिकित्सक गणेश केशीका अनुसार भदौ ३१ गतेदेखि लगातार तीन दिनसम्म कोरला नाका हुँदै चीनको स्वशासित क्षेत्र तिब्बतबाट चार लटमा ४१९ वटा भेडाच्याङ्ग्रा नेपाल भित्रिएका हुन् । वरिष्ठ पशुचिकित्सक डा केसीले भदौ ३१ गते च्याङ्ग्रा १५५, असोज १ गते च्याङ्ग्रा ११८, भेडा ४६ र असोज २ गते च्याङ्ग्रा १०० वटा कोरला नाकाबाट नेपाल भित्रिएको जानकारी दिनुभयो । चीनको स्वशासित क्षेत्र तिब्बतबाट खरिद गरी उपल्लो मुस्ताङको लोमान्थाङ गाउँपालिकाका जनप्रतिनिधि र स्थानीय व्यापारीले पशुपालन प्रयोजनार्थ भेडाच्याङ्ग्रा नेपाल भित्र्याएका पशु क्वारेन्टाइन कार्यालय पोखराका प्रमुख एवं वरिष्ठ पशुचिकित्सक गणेश केसीको भनाइ छ। पोखरा कार्यालयअन्तर्गत पोखरा अन्तरराष्ट्रिय विमानस्थल र कोरला नाकामा दुई वटा पशु क्वारेन्टाइन रहेको उहाँले बताउनुभयो । क्वारेन्टाइन ऐनअनुसार कुनै एक देशबाट नेपालमा पशु खरिद गरी नेपालमा ल्याउन चाहेमा कार्यालयअन्तर्गतको चेकपोस्ट वा क्वारेन्टाइन कार्यालयमा पशु निरोगिताको स्वास्थ्य प्रमाण तथा खोप लगाएको विवरण सात दिनअगावै पूर्वजानकारी गराइनुपर्ने प्रावधान रहेको छ । सोही नियमअनुसार लोमान्थाङका जनप्रतिनिधि तथा स्थानीय व्यापारीले कोरला नाका हुँदै तिब्बतबाट भेडाच्याङ्ग्रा नेपाल ल्याउन सुरु गरेका वरिष्ठ पशु चिकित्सक केसीको भनाइ छ।

कोरला नाकाबाट पूर्वजानकारी गरी नेपाल भित्र्याइएका भेडाच्याङ्ग्राको पशु स्वास्थ्य निरोगिताको प्रमाणपत्र तथा खोप विवरणको कागजातका आधारमा पशु चेकपोस्टद्वारा स्वीकृति प्रदान गरेको हो । सीमावर्ती भेडाच्याङ्ग्रा व्यापारीले पशु निरोगिताको प्रमाणपत्र पेस गरे पनि खोप विवरण उल्लेख नभएकाले लोमान्थाङ गाउँपालिकाको समन्वयमा नेपाल भित्रिएका भेडाच्याङ्ग्राको खोप लगाउने काम भएको वरिष्ठ पशु चिकित्सक डा केसीको भनाइ छ। चीनबाट नेपाल भित्रिएका भेडाच्याङ्ग्रा अहिले लोमान्थाङस्थित न्याम्डो र छोसेर चरन क्षेत्रमा स्थानीय भेडाच्याङ्ग्रा बथानसँग नमिसाउने गरी बेग्लै व्यवस्थापन गरिएको छ। अन्य मुलुकबाट नेपाल भित्रिएका पशुचौपायालाई क्वारेन्टाइन ऐनअनुसार सात दिनसम्म छुट्टै व्यवस्थापन गरी राख्नुपर्ने र सोको अनुमगन क्वारेन्टाइन चेक पोस्टका पशु प्राविधिक र प्रहरी निकायले गर्ने वरिष्ठ पशुचिकित्सक डा केसीले उल्लेख गर्नुभयो। बर्सेनि दसैं-तिहार जस्ता महत्त्वपूर्ण चाडपर्वमा हिमाली भेडाच्याङ्ग्राको माग बढी हुने गर्छ। मुस्ताङ, डोल्पा, मुगु र जुम्लाबाट भेडाच्याङ्ग्रा बजार पुर्‍याइने गरिन्छ । मुस्ताङको लोमान्थाङ, लोघेकर दामोदरकुण्ड, बारागुङ मुक्तिक्षेत्र र घरपझोङ गाउँपालिकाका स्थानीयले व्यावसायिक रूपमा च्याङ्ग्रापालन गर्ने गरेका छन्। यस वर्ष कोरला नाकाबाट वैधानिक रूपमा तिब्बतबाट भेडाच्याङ्ग्रा नेपाल भित्रिन थालेपछि लागि भेडाच्याङ्ग्रा केही कम मूल्य पर्न क्ने अपेक्षा गरिएको छ। यसैगरी, नेपाल-चीन उत्तरी कोरला नाकाबाट पहिलोपटक १० कन्टेनर भेडाको ऊनको नेपाल भित्रिएको पशु क्वारेन्टाइन कार्यालय पोखराका प्रमुख डा गणेश केसीले जानकारी दिनुभयो।

# एकता सहकारीमा रामबहादुर थापा मगर

**पोखरापत्र संवाददाता**
पोखरा, ३ असोज

एकता बतच तथा ऋण सहकारी संस्था लि. पोखरा, १४ चाउथेको शनिवार सम्पन्न १५ औं वार्षिक साधारण सभा तथा ७औं अधिवेशनले रामबहादुर थापा मगरको अध्यक्षतामा ९ सदस्यिय सञ्चालक समिति सर्वसम्मत निर्वाचित गरेको छ।

संस्थाको उपाध्यक्षमा प्रकाश के.सी सचीवमा भरतमणी भट्टराई र कोषाध्यक्षमा ज्योति तामाङ्ग सर्वसम्मत चुनिएका छन् । तेस्तै सञ्चालक समितिका सदस्यहरुमा निर्मला पौडेल, अमृता के.सी भुवनराज न्यौपाने, लिला बहादुर घर्ती क्षेत्री, र कर्णबहादुर थापा छानिएका छन्। अधिवेशनले लेखा सुपरिवेक्षण समितिको संयोजकमा जयमोहन भट्टराई तथा सदस्यहरूमा बिष्णुहरि सुवेदी र रिता सुवेदी सर्वसम्मत निर्वाचित भएका छन। यस अघि अधिवेशनको उद्घाटन गदै संस्थाका संस्थापक अध्यक्ष बालासिं काउछा मगरले सहकारी संस्थाले सहकारी ऐनको जगमा टेकेर कार्य सम्पादन




गर्नुपर्नेमा जोड दिए। उनले एकता सहकारी मजबुत रहेको बताउँदै संस्था र शेयर सदस्यको हितमा जिम्मेवार भएर काम गर्न सुझाव पनि दिए। कार्यक्रममा सल्लाहकार नवराज सुवेदी ले सहकारीको गैह्र बैंकिंग सम्पत्तिलाई छिटो सहकारीको कोष भित्र ल्याउन सल्लाह दिए । सल्लाहकार बजीरमान श्रेष्ठले सहकारिको निति नियम तथा सिद्धान्तमा कडाईका साथ लागु गर्नु पर्नेमा जोड दिएका थिए। कार्यक्रममा शेयर सदस्यको तर्फबाट थानबहादुर खड्काले पनी बोल्नु भएको थियो।

सहकारीका अध्यक्ष सुदर्शन पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष तिलकप्रसाद तिवारीले स्वागत तथा सचीव रामबहादुर थापा मगरले कार्यक्रम सञ्चालन गरेका थिए। कार्यक्रममा अध्यक्ष सुदर्शन पौडेलले प्रस्तुत गर्नु भएको वार्षिक प्रतिवेदन, कोषाध्यक्ष खुमबहादुर थापाले प्रस्तुत गरेको आर्थिक प्रतिवेदन तथा लेखा सुपरिवेक्षण समितिका संयोजक विश्वनाथ ओझा द्वारा प्रस्तुत लेखा प्रतिवेदन सर्वसम्मत पारित गरिएको थियो। कार्यक्रममा जेष्ठ नागरीक सम्मानबाट पूर्णलाल राजभण्डारी र कमलादेबी गोदार, उत्कृष्ट बचत तर्फ सदिप पौडेल र मेनुका भुजेल भण्डारी, उत्कृष्ठ कारोबारी तर्फ सूर्य प्रसाद पोखेल र शुशीला थापा पुन, उत्कृष्ठ कर्मचारी दिनेश मुर्ती पन्त तथा कक्षा १२ मा उत्कृष्ठ सौगात सुवेदी तथा आयुष्मा तिवारीलाई नगद पुरस्कार तथा प्रमाणपत्र द्वारा सम्मानित गरिएको थियो।